

# एक अथक कम्युनिष्ट अभियन्ता
# सूर्यप्रसाद शर्मा



- केपि लामिछाने

सत्तरी वर्ष उमेरको थुम्कोमा पुग्ने जीवन यात्रामा रहेका कमरेड सूर्यप्रसाद शर्माको जन्म २०१५ साल साउन १ गते भएको हो। उहाँको जीवन सँगिनी गङ्गा शर्मा, ३ छोरीहरू– सिर्जना, सृष्टि र शकुन, एक छोरा– आस्तिक शर्मा रहेका छन्। उहाँको जन्म स्याङजा जिल्ला, फेदीखोला गाउँपालिका, भाटखोला करामदीमा भएको हो। उहाँ ९ वर्षको उमेरमा आफ्ना माता पिता सहित २०२४ साल पौष १ गते चितवनको माडी कल्याणपुरमा, त्यसको ४ वर्षपछि माडी बसन्तपुरमा र २०३८ सालदेखि हालको रत्ननगर ९, सिसैमा बसोबास गर्दै आउनुभएको छ। तत्कालीन माडीको एक मात्र माध्यमिक विद्यालय माडी माविबाट माध्यामिक तहमामा सामेल हुने १६ विद्यार्थीमध्ये प्रथम श्रेणीमा उत्तीर्ण हुने उहाँ एक मात्र विद्यार्थी हुनुहुन्छ।

सानै उमेरदेखि प्रतिभामान र मेधावी विद्यार्थी रहनुभएका उहाँलाई कक्षा ८ मा पढिरहँदा अर्थात् १२ वर्षको उमेरमा त्यसै विद्यालयका शिक्षक लालकृष्ण लामिछानेले तत्कालीन नेकपा (पुष्पलाल समुह) मा सङ्गठित गरेपछि उहाँ नेपालको कम्युनिष्ट आन्दोलनमा जोडिनुभएको हो। शिक्षा प्राप्ति र ज्ञानको भोकले छटपटिइरहने उहाँको राम्रो स्वभाव थियो। उहाँको शिक्षादीक्षामा उहाँका पिता शोभाखर उपाध्याय (हाल दिवंगत) ले आफ्नो सामर्थ्यले भ्याएसम्म कुनै चिजको कमी हुन दिनुभएन भन्ने मेरो बुझाइ रहेको छ। विद्यालय शिक्षा अवधिमा उहाँले त्यस विद्यालयका शिक्षक शिवचन्द राय (भारत मुँगेर जिल्ला निवासी) लाई आफ्नै घरमा निःशुल्क खानपिन र आवासको व्यवस्था गरिदिनुभएको थियो। गणित, विज्ञान शिक्षक जसलाई माडीले अहिले पनि बिएस्सी सर भनेर सम्झिरहन्छ, उहाँको दिनरातको सान्निध्यले आफ्नो विद्यालय शिक्षा तिखारेको कुरा सूर्यप्रसाद अहिले पनि स्मरण गर्नुहुन्छ।

मावि उत्तीर्ण भएपछि त्यतिबेला नेपालकै चर्चित विज्ञान क्याम्पस अर्थात् अमृत साइन्स क्याम्पस, काठमाडौँ गएर आइएस्सीमा भर्ना हुनुभयो। काठमाडौँमा उहाँलाई पार्टी सम्पर्क तिलक पराजुलीले गर्नुहुन्थ्यो। शिक्षा

र चेतनाको दृष्टिकोणले काठमाडौँ त्यत्तिबेला अग्रस्थानमा थियो नै। २०३२ सालको विद्यार्थी आन्दोलनमा उहाँ सामेल हुनुभयो। तत्कालीन पञ्चायती व्यवस्थामा कुनै सङ्गठन खोल्न पाइँदैनथियो। स्वतन्त्र विद्यार्थी युनियन खोल्न पाउनुपर्छ भन्ने माग सहित को त्यो आन्दोलन पञ्चायती दमनका कारणले सुस्त हुँदै गएको थियो। प्रशासनले महिलाहरूले पढ्ने पद्मकन्या क्याम्पसमा परीक्षा सञ्चालन गरेर विद्यार्थी हडताललाई तोड्ने योजना बनाएको रहेछ। विद्यार्थीहरूले यो चाल पाएपछि सोही क्याम्पसभित्र कार्यक्रम दिने सोच बनाएछन्। यसै पनि कम्पाउण्ड वालले तीन तिरबाट घेरिएको र पछाडिपट्टि टुकुचा खोल्सीको सिस्नो घारी भएको त्यो क्याम्पसमा प्रवेश गरेर सभा सम्बोधन गर्न सजिलो थिएन। तर यी सूर्यप्रसाद, लक्ष्मण थापा, सुरबिर पौडेल र राजेन्द्र गरी ४ जना विद्यार्थीको टिम क्याम्पस पछाडिको सिस्नो घारीबाट लुसुक्क प्रवेश गरेर क्याम्पसमा गएर आमसभा गरी प्रशासनको योजना असफल तुल्याइ दिएछन्, जसको कारण प्रहरी प्रशासनले क्याम्पस नै घेराउ गरेर उहाँहरूलाई क्याम्पस गेटबाट गिरफ्तार गरेछ।

त्यो आन्दोलनमा धेरै विद्यार्थी नेताहरूलाई गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तर्गत जेलमा थुनिएछ। तर उहाँहरूलाई बसन्तपुर डिएस्पी खोरमा थुनेर सार्वजनिक अपराध मुद्दा लगाउने प्रक्रिया सुरु गरियो। तर बाहिरको विद्यार्थी आन्दोलन चर्किएपछि पञ्चायती सरकार वार्तामा आउन बाध्य भयो। जेलभित्र रहेका सबै छुट्ने भए तर सरकारले मुद्दा चलाइएका यी ४ जनालाई नछोड्ने अडान अन्तसम्म पनि राखी रह्यो। विद्यार्थी नेताहरूले आफ्नो अडान छोडेनन् र अन्ततः रातको १२ बजे रिहाइ गरेर सम्झौता स्थल त्रिपुरेश्वर भि.सि. कार्यालयमा यी चार जनालाई रिहाई गरी उपस्थित गराएपछि मात्र सम्झौतामा हस्ताक्षर भएको थियो भन्ने कुरा उनी बताउँछन्।

२०३२ सालको विद्यार्थी आन्दोलनले युवा विद्यार्थी बिच काठमाडौँमा चेतनाको बिगुल फुक्यो। जेलभित्र गएका विद्यार्थीहरूसँग तात्कालीन

झापा विद्रोहमा जेल परेका क्रान्तिकारीहरूसँग खुलेर अन्तर्क्रियाहरू भएछन् । झापा विद्रोहमा जेल परेका कम्युनिष्टहरूको चेतना, उत्साह, त्याग र समर्पणको भावना र भविष्यप्रतिको विश्वासले ती विद्यार्थी नेताहरू यति प्रभावित भए कि बाहिर आएपछि उनीहरूले झापा विद्रोहका तिलस्मी कथाहरू र सहिद गाथाहरू वर्णन गर्न थाले । पुष्पलाल समुह निकट शरणविक्रम मल्लदेखि मोहन विक्रम समुहका विद्यार्थी नेताहरू अब संसोधनवादीहरूको पछि लागिदैन भन्न थाले । हो यही बेलामा मोहन विक्रमले उग्र वामपन्थी विचारको खण्डन नामक दस्तावेज भोल्युम प्रकाशित गरेका थिए भनेर उनी स्मरण गर्दछन् ।

सूर्यप्रसाद लगायतका ४ जना जेलभित्र जान त परेन । कस्डडीमै रहेर त्यहाँबाट छुटेपछि झापा विद्रोहका कहानीले उनीहरूमा पनि आफ्नो जीवन नेपाली क्रान्तिमा समर्पित गर्ने हुटहुटी बढाइदियो । झापाली विद्रोहीहरूको कार्यशैली भनेको एक एरिया, एक युनिट, एक स्वायड र एक एक्सनको थियो । चरम गोपनीयतामा यो काम गरिन्थ्यो । सूर्यप्रसाद, माधव पौडेल, राजेन्द्र पाण्डे, लक्ष्मण थापाहरू त्यही युनिटमा सङ्गठित भए र त्यसको पहिलो एक्सन २०३३ साल वैशाख १८ गते (१ मई) का दिन पर्चा छर्ने योजना बन्यो । ठाडै राजतन्त्रको विरोध गरिएको त्यो पर्चा छर्ने काम भयो । तत्कालीन सरकारको भारतपरस्त घुँडा टेकुवा नीतिको विरोध गरौँ भन्ने पर्चा पनि त्यसैबेला छरियो । तर पञ्चायती जासुसहरूले को कोबाट यो काम भयो भन्ने पत्ता लगाए र सुवास नेम्वाङ्ग, भिम रावल, प्रदीप नेपाल, गोपाल शाक्य, रामकृष्ण दुलाल, वीरबहादुर लामा, बम देवान, झिल्के रुम्बा, राजेन्द्र पाण्डे, भीम न्यौपाने, माधव पौडेल, सूर्यप्रसाद लगायत १४ जनालाई झ्याप्प गिरफ्तार गऱ्यो । सूर्यप्रसाद त्यसबेला अमृत क्याम्पसमा वि. एस्सी अध्ययनरत हुनुहुन्थ्यो । उहाँलाई क्याम्पस गेटबाटै सादा पोसाकका प्रहरीले समाते र डेराको खानतलासी लिई एल्बमका फोटाहरू, मार्क्सवादी साहित्य र डायरी सहित डिएसपी खोर बसन्तपुर लगेर थुनियो ।

त्यस खोरमा दुई महिनासम्म उनीहरूलाई थुनियो । दिनभर खोरमा राखिन्थ्यो भने रात परेपछि रत्नपार्क छेउमा रहेको अञ्चलाधीश कार्यालयमा लगेर यातना दिइन्थ्यो । अञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठका रोहबरमा प्रहरी हाकिमहरू वरिपरि बसेर बन्दीलाई भुइँमा लडाइन्थ्यो, अनि एउटा प्रहरीले बुटले घुँडा थिच्ने, र अर्कोले पैतालामा बेतले प्रहार गर्थ्यो । असह्य पीडाले छटपटाएपछि उनीहरूलाई उभिएर उफ्रिन लगाउँथ्यो, ता कि अदालतमा पेस गर्दा कुनै निलडाम नदेखियोस् ।

दिनभर डिएसपी कार्यालयमा थुनिएर बस्दाका बखत एक दिन सूर्यप्रसादका पितालाई साथ लिएर तिलक पराजुली भेट गर्न आउनुभयो । उहाँहरूलाई भेट गर्न दिइएन तर झ्यालबाट हेराहेर र देखादेख भयो । बुवा रुनु भयो । त्यो साँच्चिकै पीडादायक क्षण थियो । खोरमा थुनिए पनि ती १४ जनाको उत्साहमा कुनै कमी भएको थिएन । उनीहरू दिनभर क्रान्तिकारी गीतहरू गाउँथे र आफूलाई उर्जाशील बनाइरहन्थे । यसै प्रसङ्गमा सूर्यप्रसादले एउटा रोचक स्मरण सुनाउनु भयो । चौध जनामध्ये सबैभन्दा कान्छो सूर्यप्रसाद तर उहाँको भर्खर २ महिना अगाडि बिहे भएको थियो । एक दिन यातनास्थलमा केरकार गर्दा एउटा प्रहरी अधिकृतले सूर्यप्रसादको डेराबाट बरामद फोटो एल्बम हेर्‍यो र भन्यो– यसलाई त बालविवाहको मुद्दा पनि लगाउनु पर्‍यो । अब राजनीतिसँग असम्बन्धित मेरा ससुराबा लगायतलाई पनि गिरफ्तार गर्ने भए भन्ठानेर २–३ दिन बेस्सरी छट्पटिनुभएको रहेछ ।

२ महिनाको कस्टडी केरकारपछि चौधै जनालाई राजकाज अपराध मुद्दा चलाउने गरी डिल्लीबजार सदर खोरमा सरुवा गरियो र २०३३ साउन १ गते उहाँहरूलाई सेन्ट्रल जेल सँगैको भद्रगोल जेलमा ७–७ जना बाँडेर राखियो । त्यतिबेला भेट्न आउने बुवाको रुवाई र श्रीमतीको अबोध कुन्दनको पीडा उनले बिर्सन सकेका छैनन् । अन्ततः उनीहरू सबैलाई राजकाज अपराध आरोपी बनाएर दायर गरियो । जसको फैसलाकर्ता न्यायाधीश अञ्चलाधीश हुने गर्थ्यो । उसले ती आरोपीहरूलाई १ वर्षदेखि

१४ वर्षसम्म जेल सजाय सुनायो। सूर्यप्रसादलाई तीन वर्ष कैद र २,००० (रुपैयाँ रूपैयाँ) जरिवाना तोकियो। पुनरावेदन अदालतमा उहाँले पुनरावेदन गर्नुभयो। अदालतले धरौटी लिई उहाँलाई तारेखमा राखेर रिहा गर्ने आदेश दियो।

जेलबाट निस्केपछि उहाँ गणित विषयमा ब्याचलर गर्न क्याम्पस भर्ना हुनुभयो र काठमाडौँमै डेरा गरी बस्न थाल्नुभयो। उहाँलाई पार्टीबाट सम्पर्क गर्न अमृत बोहरा र विष्णुबहादुर राउत आउने गर्नुहुन्थ्यो। उहाँलाई नख्खु जेलमा लगिएका झापा विद्रोह एवं जेलबाट नछुटेका सहकर्मीलाई सम्पर्क गरेर सूचना आदन–प्रदान गर्ने जिम्मेवारी दिइयो। उहाँले विशेष गोप्य तरिकाले पार्टीका दस्तावेजहरू र अति गोप्य सूचनाहरू थर्मसमा तातो दुधको माध्यमबाट लैजान ल्याउन थाले। केही समयपछि ऐतिहासिक नख्खु जेल विद्रोह भयो र सूर्यप्रसाद ब्याचलर पूरा गरी चितवनको दिव्यनगर स्थित माध्यमिक विद्यालयमा गणित शिक्षकको नियुक्ति लिएर काम गर्न थाल्नुभयो।

चितवनमा उहाँको पार्टी सम्पर्क व्यक्ति नरबहादुर खाँड हुनुहुन्थ्यो। २०३५/०३६ को विद्यार्थी आन्दोलनपछि स्वतन्त्र विद्यार्थी युनियनमाथिको प्रतिबन्ध हटेको थियो र वामपन्थी विद्यार्थीहरूबिच पाँचौं, छैठौंको चरम विवाद थियो। उहाँले एउटा साँझमा मंगलपुरको ढड्डाघारी स्थित विष्टजीको घरमा चितवनका विद्यार्थीको भेला बोलाई पाँचौँको जिल्ला सङ्गठन कमिटी निर्माण गर्नुभयो। यस कमिटीको संयोजक देवी ज्ञवाली हुनुभयो।

यो जनमतसङ्ग्रह को अवधि थियो। यही उथलपुथलको समयमा माडीमा भएको एउटा झडपमा एकजना व्यक्तिको मृत्यु भयो र उहाँ लगायत ८४ जनालाई तत्कालीन सरकारले ज्यानमुद्दा लगायो। त्यो उहाँलाई भूमिगत भएर पूर्णकालीन नेकपा (माले) को कार्यकर्ता बन्ने उपयुक्त अवसर बन्यो। उहाँ साथीहरूको समुह सहित माडी दक्षिणको जंगल

रातारात हिँडेर बेतिया पुग्नुभयो र त्यहाँबाट ट्रेनमा रक्सौल आइपुग्नु भयो र पार्टीको सम्पर्क खोज्नुभयो। त्यहाँ उहाँको सम्पर्क सुरेन्द्र पाण्डेसँग भयो। त्यतिबेला सुरेन्द्र पाण्डे बिरगन्जमा बैंकका कर्मचारी हुनुहुन्थ्यो। उहाँ त्यस समय बारा जिल्लामा सलिम मियाँ अन्सारीको गाउँमा बस्नुभयो र त्यसपछि चितवन आएर पूर्वी चितवनमा पार्टी जिल्ला सङ्गठनमा सङ्गठित भई काम गर्न थाल्नुभयो। सुरक्षाको हिसाबले उहाँलाई चितवन त्यति उपयुक्त ठाउँ नभएको हुँदा २ महिनापछि पार्टीले उहाँलाई मकवानपुर सरुवा गऱ्यो। उहाँको मकवानपुरको पार्टी सङ्गठन र हेटौँडाको मजदुर आन्दोलनमा महत्वपूर्ण भूमिका रहेको देखिन्छ। हाल मकपानपुरमा चिनिएका नेताहरू डोरमणि पौडेल, अनन्त पौडेल, रामेश्वर राना, रघुनाथ खुलाल, ललित बस्नेत, सुमन घिमिरे, केशव दवाडी, कृष्ण दाहाल सबै उहाँकै कार्यकालका पार्टी उत्पादन भएको कुरा सूर्यप्रसाद बताउनुहुन्छ। २०४२ सालसम्म हेटौँडाको सङ्गठन र मजदुर आन्दोलनलाई एउटा उचाइसम्म संयोजन गरेपछि चितवनमा बिएस्सी कृषि पढ्दै गरेका काशिनाथ अधिकारी पूर्णकालीन कार्यकर्ता बन्ने हुनुभयो र मकवानपुरको पार्टी सचिव काशिनाथ अधिकारीलाई बनाएर उहाँ पर्सा सरुवा हुनुभयो। त्यसपछि रौतहट र सर्लाहीको जिम्मा लिनुभयो। पर्सामा बालगोपाल थापा, रामआसरे राम, ममता गिरी, नागेन्द्र चौधरी, बालकृष्ण ढकाल लगायतलाई उहाँले सङ्गठित गर्नुभयो भने रौतहटमा सुबोध काफ्ले, उद्धव दाहाल, खड्गबहादुर बमजन, ध्रुवमोहन, चन्द्रमोहन, रमेशमोहन अधिकारीहरू, सर्लाहीमा लक्ष्मण पौडेल, केशव ढुंगाना, सोमबहादुर लामा, आदि साथीहरूलाई सङ्गठित गर्नुभयो र २०४५ सालमा पुनः पार्टी प्रमुख (सचिव) भएर मकवानपुर फर्कनु भएको उहाँबाट थाहा पाइयो।

पार्टी कामलाई व्यवस्थित र सुरक्षित बनाउने, नेता कार्यकर्ता र जनताका व्यक्तिगत समस्यालाई सरल बनाउने उहाँका विशेषता देखिन्छन्। त्यतिबेला पार्टी दस्तावेजको छपाई भारतमा हुन्थ्यो र जहिले पनि दस्तावेज ओसार–पसार गर्दा त्यहीँ नै कोही साथीहरू गिरफ्तारीमा

परिहाल्थे । उहाँले सर्लाहीमा काम गर्दा बोर्डरबाट ५ बोरा दस्तावेजहरू चलाखीपूर्ण तरिकाले सबै ठाउँमा पऱ्याउनु मात्रै भएन, त्यही मौकामा बोर्डरको गाउँ नहरगंजमा समेत पार्टी विस्तार गर्नुभयो । नहरपुर गाउँ कमरेड तुल्सीलालको विरासत थियो । उहाँले जनताका बिचमा अपनाएका तरिकाहरू बारेमा उनको आत्मसंस्मरण जीवनका सुसेलीहरूमा प्रकाशित गर्नुभएको छ । (बजारमा यो किताब अहिले सबै बिक्री भइसकेको छ । तुल्सीलाल स्मृति प्रतिष्ठानको पुस्तकालय, मन पुरस्कार लाइब्रेरी, पाटन ढोका र त्रि.वि. वि. पुस्तकालय कीर्तिपुरमा पढ्न पाइन्छ ।)

उहाँ नेकपा मालेको सिराहामा सम्पन्न चौथो महाधिवेशनमा मकवानपुरका प्रतिनिधि थिए । उक्त आत्मसंस्मरण किताबमा सो महाधिवेशनमा भएका, तर हालसम्म उजागर नभएका कतिपय छलफलका प्रसङ्गहरू उहाँले लेख्नुभएको छ ।

२०४६ सालको जनआन्दोलनमा उहाँ मकवानपुरका संयोजनकर्ता थिए । त्यतिबेला मकवानपुरमा नेपाली काँग्रेस अत्यन्तै कमजोर थियो । त्यहाँ काँग्रेस भनेकै इन्द्रबहादुर श्रेष्ठ, रामचन्द्र माइकल, रघुरमण न्यौपाने र गोर्खाली परिवार मात्रै थिए । त्यसैले आन्दोलनमा उनीहरूको नगन्य उपस्थिति हुने नै भयो । प्रशासनको कडा छेकवारको वाबजुद तोकिएको समयमा हजारौँ मजदुर - किसानहरू बिजुली चम्किए जस्तै गरी जम्मा भए र प्रर्दशन सुरु गरी हाले । प्रहरीले दमन गऱ्यो, गोली चलायो । दुईज ना घाइते भए । तर पूर्वतयारीका साथ सिमेन्ट उद्योगको एम्बुलेन्स चालक दामोदर लामिछानेलाई राखिएको थियो । उनले घाइतेहरूलाई ट्याप्प टिपेर रक्सौल हस्पिटलमा लगे, समयमा उपचार भएको हुनाले घाइतेहरूको ज्यान बच्यो । तर दोहोरा झडपमा एकजना प्रहरीको मृत्यु भयो । त्यसपछि चरम दमन हुने कुरा निश्चित थियो । दामोदर लामिछाने लगायत केही साथीहरूलाई गिरफ्तार गरियो र चरम यातना दिइयो । यसको लगत्तै रक्सौलमा शिविर खडा गरेर साथीहरूलाई सुरक्षित राख्ने

काम भयो भने उहाँ हेटौँडामै बसेर आगामी आन्दोलनको संयोजन गरीरहेको पनि उहाँले नै बताउनुभएको छ ।

आन्दोलनको सफलतासँगै पार्टीहरूमाथि लागेको प्रतिबन्ध हट्यो । उहाँलाई पार्टीले देशभरिका मजदुर युनियनहरू संयोजन गर्न जिफन्ट उपनिर्देशकको जिम्मेवारी दिएर काठमाडौँ बोलायो । उहाँ काठमाडौँ पुग्नुभयो । त्यत्तिबेला जिफन्टका महासचिव विष्णु रिमाल हुनुहुन्थ्यो । त्यसबेलाका पूर्णकालीन कार्यकर्ताको दैनिकी १–२ दिनमै फेरी रहनु पर्ने बासस्थान (सेल्टर), अनियमित खानपान, प्रायः दिउँसो घरभित्र तर साँझ अनि रातिको सङ्गठनात्मक काम र आफैलाई प्राथमिकता नदिने उनको स्वभावका कारणले हुन सक्छ, उहाँलाई एउटा अज्ञात बिमारीले समात्यो । उहाँको मुखबाट बेला बेलामा अचानक ह्वालह्वाल्ती रगत आउन थाल्यो । चिकित्सकसँग जँचाएपछि क्षयरोग लागेको थाहा भयो । झण्डै आधा लिटर रगत निस्के पनि उहाँ शारीरिक रूपमा कमजोर भने देखिनुहुँदैन थियो । क्षयरोग भयो भनेपछि उहाँले दैनिक ९० दिनसम्म इन्जेक्सन लगाउन र ९ महिनासम्म औषधि खानुपर्ने भयो । उहाँ सबै औषधि आफ्नो झोलामा बोकेर हिँड्नुहुन्थ्यो र आफूलाई आफैले इन्जेक्सन लगाउनुहुन्थ्यो । तर चिकित्सकले रोगको सही निदान गरेका रहेनछन् । काठमाडौँ गएपछि उहाँलाई फेरि त्यो रोग देखियो ।

बहुदल आएपछि हामी सबै बँधुवा गाईवस्तुलाई हिउँदमा छाडा छोडेजस्ता भयौँ । आपसी हेरविचार र कमरेड्ली स्नेह ओइलाउन थाल्यो । उहाँ उपचारको खोजीमा हुनुहुन्थ्यो । काठमाडौँका चिकित्सकले पनि रगत आउनुको कारण फेला पार्न सकेका थिएनन् । यसै बिचमा उनलाई ट्रेडयुनियन नेताको हैसियतमा अमेरिकाकाको आइभिपि प्रोग्रामले निमन्त्रणा गरेछ । यात्रा अवधिको स्वास्थ्य बिमा गर्नेपर्ने सो बिमा भएपछि अमेरिकाकाको हस्पिटलमा चेकअप गर्न पाइने जानकारी पाएपछि उहाँ त्यो यात्राका लागि लालयित हुनुभएछ । उहाँले निम्तो स्वीकार गर्नुभएको रहेछ । पार्टी महासचिव कमरेड मदन भण्डारी र सङ्गठन विभाग प्रमुख

सिपि मैनालीलाई यसको जानकारी दिएर एक महिनाको लागि अमेरिका उडेको कुरा उहाँ बताउनुहुन्छ ।

यता पदीय दाउपचे सुरु भइसकेको थियो । उहाँको अनुपस्थितिमा कुनै सोधपुछ नगरी र सफाइको मौका समेत नदिई ट्रेड युनियनले साधारण सदस्यतासम्म नरहने गरी कार्वाहीको सूचना सार्वजनिक गऱ्यो । उहाँले यो कुरा नेपाल फर्केपछि मात्रै थाहा पाउनुभयो । नेपाल आएपछि उहाँ विक्षिप्त जस्तै हुनुभयो । कम्युनिष्टहरूले सहकर्मीसँग रिस उठेपछि लगाउँदै आउने गरेका यावत् आरोपहरू छ्यापछ्याप्ती थिए । राजनीतिक जिम्मेवारीबाट अलग्याइएपछि बाध्यतावश उहाँ हेटौँडाको एउटा विद्यालयमा प्रिन्सिपल भएर काम गर्न थाल्नुभएको कुरा अमिलो मन गरेर बताउनुभयो ।

२ वर्षपछि एमालेको सरकार बन्यो । सिपि मैनाली स्थानीय विकास मन्त्री हुनुभयो । सिपि मैनालीको प्रस्तावमा क्याबिनेटले उहाँलाई चितवनको पदमपुर गाविस स्थानान्तरण समितिको अध्यक्ष बनाउने निर्णय गऱ्यो । उहाँले २ महिनामै त्यो गाविसको एउटा वार्ड नयाँ ठाउँमा बस्ती विकास गरी सार्ने कामको अगुवाई गर्नुभयो । त्यसपछि वर्षायाम सुरु भयो, एमालेको सरकार ढल्यो र बाँकी आठ ओटा वडा सार्न त्यसपछिका सरकारलाई दस वर्ष लाग्यो ।

त्यो आयोगको समाीप्तपछि उहाँले भरतपुरको सरकारी हस्पिटल अगाडि औषधिको खुद्रा पसल सुरु गर्नुभयो । २०५४ मा एमाले पार्टी विभाजन भयो । उहाँलाई पहिलेकै जस्तो स्नेहिल र क्रान्तिकारी कम्प्युष्टि पार्टी बन्छ कि भन्ने भ्रम भयो र पुनः नेकपा मालेको जिल्ला पार्टी सचिव भएर मकवानपुर फर्किनु भयो । एक वर्षपछि दुईवटा एमाले क्यार्न बनाउनु पऱ्यो र भन्दै पुनः चितवन फर्किए र औषधिको थोक व्यापारमा लाग्नुभयो । केही वर्षपछि उहाँलाई चितवनको एक प्रतिष्ठित निजी हस्पिटलले प्रमुख कार्यकारी अधिकृतमा बोलायो र उहाँ आफ्नो थोक व्यापार कायमै राखेर हस्पिटल व्यवस्थापनमा जुट्नुभयो ।

सूर्यप्रसाद जहाँ काम काम गरे पनि भुइँमान्छेको दुःखपीडा बुझेर सकेसम्म त्यसलाई समाधान गर्न वैचारिक र भौतिक काम गर्न दत्तचित्त साथ लाग्ने मान्छे हुनुहुन्छ । भूमिगत हुँदा पनि हेटौँडामा साथीहरूलाई रोजगारको व्यवस्था गर्ने, पूर्णकालीन कार्यकर्ताका परिवारलाई रोजगारी जुटाई व्यवस्थित गरिदिने, नेता कार्यकर्ताका परिवारका बिहेवारी जुटाइदिने गर्नुहुन्थ्यो । चार–पाँच जोडीको कैयौँ ठाउँमा कम खर्चमा सयौ जन्तीको बिचमा विवाह सम्पन्न गरिदिएका रोचक घटना उहाँ अहिले पनि सुनाउनुहुन्छ । पेसा व्यवसायमा रहँदा पनि उहाँले धेरै जना साथीहरूको रोजगारीको व्यवस्था गरिदिनुभएको छ । यसै कारणले जीवन धानिरहेका मान्छेहरू अहिले पनि उहाँलाई अत्यन्तै सम्मान गर्छन् र भन्छन्, "त्यतिबेलाका प्रायः सबै साथीहरू बदलिए, तर यो अभागी मात्रै उस्तै छ ।"

एउटा राजनीतिक प्राणी जति लखेटे पनि राजनीतिबाट अलग्गिन सक्दो रहेनछ । २०६२/०६३ को आन्दोलनमा उहाँ चितवनमा क्रियाशील हुनुहुन्थ्यो । नारायणगढमा भएको विशाल आमसभामा उहाँले देशभक्त मञ्चको तर्फबाट गरेको सम्बोधन अहिले पनि मानिसहरू सम्झिरहन्छन् । उहाँ एक कुशल वक्ता पनि हुनुहुन्छ । उहाँ माओवादी पार्टीमा कहिल्यै जानुभएन, तर त्याग र बलिदानको शिखरमा पुगेको माओवादी पार्टीले गर्नसक्ने कामप्रति धेरै अपेक्षा राखेका थिए । पहिलो संविधान सभाको चुनावमा मकवानपुरमा सबै क्षेत्रबाट माओवादी पार्टीलाई विजयी गराउन चुनाव अवधिमा अर्को भूमिका महत्वपूर्ण थियो ।

चिनेकाहरूले उहाँलाई बेला बेलामा भन्ने गर्छन्, 'त्यागको इतिहास बोकेको मान्छे तँ विनाकसुर रछ्यानमा मिल्किइस् । तर उहाँ भन्नुहुन्छ, 'केही पाउँला कि भनेर राजनीतिमा लाग्ने मान्छेलाई मात्रै यस्तो अवस्थामा मेरो त सर्वस्व गुम्यो भन्ने चिन्ता हुने हो, अपेक्षा र तिर्सना नराखेपनि कुनै चिन्ता हुँदो रहेनछ, यही मूल मन्त्रले त मलाई बचाइरहेकोछ' उहाँको भनाइ हुने गर्दछ ।

सङ्घर्षमा दसकौँ खारिएपछि एउटा परिपक्व नेता कार्यकर्ता तयार हुने हो । लोभ, पाप र तँछाड मछाडको प्रतिस्पर्धाले आदर्शच्युत हुँदै जान्छ र जनता निरास हुन्छन् । चरित्रच्युत हुनेको कुरा अर्कै हो । तर एउटा निष्ठावान मान्छे लखेटिँदा उसको जीवन हेरेर प्रभावित भएका हजारौँ मान्छेहरू रनभुल्लमा पर्ने गर्छन् । अहिले फेरि यो मुलुकलाई त्याग गर्ने टिमको खाँचो छ, जसले व्यवहारमै आफ्ना लागि नभई मुलुकको समृद्धिको लागि काम गरोस् । निष्ठावान कर्मलाई जीवनशैली बनाएका सूर्यप्रसाद जस्ता मानिसलाई काममा जोत्नसके निश्चय नै त्यो समृद्धिको दिन नजिकिन सक्दछ ।

हाल कमरेड सूर्यप्रसाद शर्मा नेकपा एमालेको केन्द्रीय सल्लाहकार समितिको सदस्यका रूपमा क्रियाशील हुनुहुन्छ र पार्टी, देश एवं जनताका लागि समाजवाद एवं समृद्धिका पक्षमा प्रतिबद्ध हुनुहुन्छ ।

●